annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १५४, पृष्ठ ८ | काठमाडौं, मंगलबार २१ असोज २०८२ | कार्तिक कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४२ | TUESDAY, OCTOBER 7, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# वर्षाले कोशी र मधेसमा ठूलो धनजनको क्षति

## मनसुनजन्य विपद्बाट ४८ को मृत्यु

दसैंमा लगातार वर्षा हुने पूर्वअनुमानको सूचना नेपाल सरकारले विभिन्न माध्यमले सार्वजनिक गरेको थियो। यसको पूर्व तयारी र सतर्कताका विभिन्न उपाय पनि अपनाइयो। यति गर्दागर्दै पनि मनसुनजन्य विपद्बाट हालसम्म कम्तीमा ४८ को मृत्यु भइसकेको छ। यही असोज १७, १८, १९ गते देशका विभिन्न जिल्लामा भएको लगातारको वर्षाले निम्त्याएको बाढी, पहिरो र चट्याङमा परी मृत्यु हुनेको संख्या ४८ पुगेको हो। मनसुनजन्य विपद्का घटनाबाहेक अन्य घटनामा मृत्यु हुनेको संख्या अझै बढी छ।

**सुनिता कार्की** | *काठमाडौं* / **रत्नप्रसाद आचार्य** | *सुनसरी*
– को रिपोर्ट





समाचार पृष्ठ २


## फ्रान्सका प्रधानमन्त्रीले दिए राजीनामा



**पेरिस** (एजेन्सी) : फ्रान्सका प्रधानमन्त्री सेबास्टियन लेकोर्नुले सोमबार राजीनामा दिएका छन्। प्रधानमन्त्रीको पदभार सम्हालेको एक महिना पनि नपुग्दै उनले राजीनामा दिएका हुन्। लेकोर्नु पछिल्लो दुई वर्षमा पाँचौं फ्रान्सेली प्रधानमन्त्री हुन्।

नयाँ मन्त्रिपरिषद् घोषणा भएको केही घण्टापछि नै उनको राजीनामा आएको हो। लेकोर्नुले सोमबार बिहान राष्ट्रपति इमानुएल म्याक्रोनसँग करिब एक घण्टा भेटघाट गरेका थिए। त्यसको केही समयपछि राष्ट्रपति कार्यालयले उनको राजीनामाको घोषणा गरेको थियो। फ्रान्कोइस बायरोको सरकारको पतनपछि लेकोर्नुले २६ दिनअघि फ्रान्सको प्रधानमन्त्रीको पदभार ग्रहण गरेका थिए। नयाँ मन्त्रिपरिषद्मा उनले बायरो सरकारका अधिकांश मन्त्रीहरूलाई कायम राखे र केही पदहरूमा नयाँ नियुक्तिहरू गरेका थिए। सबै दलहरूले यसको व्यापक आलोचना गरेका थिए।

लेकोर्नुको राजीनामापछि धेरै दलहरूले अब समयपूर्व चुनावका लागि आह्वान गरिरहेका छन्। केहीले राष्ट्रपति म्याक्रोनको राजीनामाको माग गरेका छन्। यद्यपि, म्याक्रोनले २०२७ मा आफ्नो कार्यकाल समाप्त हुनुभन्दा अघि राष्ट्रपति पद नछोड्ने स्पष्ट पारेका छन्। 'संसद भंग गर्नुहोस् वा राजीनामा दिनुहोस्- म्याक्रोनले दुई मध्ये एक रोज्नुपर्नेछ', नेशनल र्‍याली पार्टीका वरिष्ठ नेता सेबास्टियन चेनुले भने।

सन् २०२४ जुलाईमा युरोपेली संसद्को मतदानमा आफ्नो पार्टीको नराम्रो हारपछि स्पष्ट बहुमत प्राप्त गर्न म्याक्रोनले तत्काल संसदीय चुनावको आह्वान गरेदेखि फ्रान्सेली राजनीति अत्यन्तै अस्थिर बनेको छ।

चुनावको परिणाम स्वरूप एकअर्कासँग गहिरो मतभेद र सँगै काम गर्न इच्छुक नभएका विचारधाराका विरोधी गुटहरूमा विभाजित समूहको संसद् बन्यो। यसले जुनसुकै प्रधानमन्त्रीलाई कुनै पनि विधेयक पारित गर्न आवश्यक समर्थन जुटाउन गाह्रो बनाएको छ। मिसेल बार्नियर गत सेप्टेम्बरमा प्रधानमन्त्री नियुक्त भएका थिए तर तीन महिनाभित्रै उनलाई पदच्युत गरियो।

## सडकको खाल्डो तर्न १० देखि १०० रुपैयाँ शुल्क

**सुनिल ठाकुर** | *मलंगवा*

लखनदेही खोलामा आएको बाढीले आइतबार सर्लाहीको कौडेना गाउँपालिका-३ स्थित हुलाकी सडक भत्काएपछि यात्रुहरूले सास्ती भोग्नु परेको छ। मलंगवाबाट पश्चिम क्षेत्रमा जाने र पश्चिमबाट मलंगवा आउने यात्रु सडक भत्केर खाल्डो बनाएपछि समस्यामा परेका छन्। बाढीले डेढ सय मिटर लामो र १० फिट गहिरो खाल्डो बनाएको छ। खाल्डोमा पानी जमेपछि यात्रुलाई अहिले पैसा तिरेर सडक वारपार गर्नु परेको छ।

पैदल, साइकल र मोटरसाइकलमा यात्रा गर्ने यात्रुले १० देखि सय रुपैयाँसम्म शुल्क तिर्नु परेको छ। कौडेना १ फुलपरासीका युवाले बाँस, काठ र डोरीको मद्दतले अस्थायी लच्का बनाएर यात्रुलाई खाल्डो वारपार गराउने गरेका छन्। पैदल यात्रुसँग १०, साइकल यात्रुसँग २० र मोटरसाइकलमा यात्रा गर्ने यात्रुसँग सय रुपैयाँ लिने गरेका छन्।

बाढीले सडक बगाएपछि यात्रा गर्न निकै नै कठिनाइ भएको बलरा नगरपालिका-८ गडहियाका रंजित साहले बताए। 'मोटरसाइकलबाट मलंगवा आएको थिएँ। आउँदा सय रुपैयाँ लिएपछि मात्र खाल्डो तर्न पाएँ', उनले गुनासो गरे। सडक नबनेसम्म यात्रुहरूलाई आवतजावत गर्न निकै नै कठिनाइ हुने साहले बताए। पैसा हुनेले तिरेर वारपार गर्न सक्छन्। तर नहुनेले कसरी आवतजावत गर्छन् होला भन्दै उनले दुखेसो पोखे।



सडकको मर्मत सम्भार नभएसम्म दिनहुँ पैसा तिरेर कार्यालय जानुपर्ने बाध्यता रहेको गोडैता नगरपालिकाका एक कर्मचारीले बताए। 'कार्यालय जानुनै पर्छ। कति पैसा तिर्नु ?' उनले भने। सडकको मर्मतका लागि सडक विभागसँग कुराकानी भएको गाउँपालिका अध्यक्ष रुपेश कुमारले बताए। 'हुलाकी सडकअन्तर्गत पर्ने भएकाले हामीले सडक विभागलाई काम गर्न भनेका छौं। यदि विभागले हामीलाई काम गर्नु भन्यो भने तुरन्त पालिकाले सडक मर्मतको काम गर्नेछ', गाउँपालिका अध्यक्ष कुमारले भने, 'हामी विभागको निर्णयको पर्खाइमा छौं।'

सडकको अनुगमन गर्न पुगेका त्यस क्षेत्रका पूर्वमन्त्री तथा निवर्तमान प्रतिनिधिसभा सदस्य महेन्द्र राय यादवले सडक विभागसँग कुरा भएको बताए। 'तत्काल इँटा भाट्टाबाट इँटाका टुक्राहरू ल्याएर काम गर्नु भनेका छौं। अहिलेलाई तत्काल जसरी पनि सडक सुचारु गर्नुपर्ने अवस्था छ। पछि गएर कच्चे वा पुल बनाएर पानीको निकास गर्नुपर्ने हुन्छ', उनले भने। बर्सेनि यस क्षेत्रमा लखनदेहीको बाढीले समस्या सृजना गर्ने गरेको यादवले बताए। सडक होचो छ। यसको उचाइ पनि बढाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ।

प्रदेशसभा सदस्य कौशल किशोर यादवले सडक विभागको बाटो नहेरी पालिकाले तत्काल सडक बनाउनुपर्ने बताए। 'विभाग कहिले आउँछ ठेगान छैन। सर्वसधारणलाई सास्ती भोग्नु परेको छ। त्यसैले पालिकाले काम सुरु गर्नुपर्छ', यादवले भने।

## निर्वाचन कार्यतालिका स्वीकृत

**काठमाडौं** (अन्नपूर्ण) : आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगले गर्नुपर्ने कार्यहरूलाई समयबद्ध रूपमा सञ्चालन गर्न सोमबार निर्वाचन कार्यतालिका स्वीकृत भएको छ।

स्वीकृत कार्यतालिका अनुसार मंसिर १ गतेदेखि १० गतेसम्म निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको कार्यक्रम छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ। फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचार-प्रसार हुने र तत्पश्चात् प्रचार-प्रसार निषेधको अवधि रहनेछ।

फागुन २१ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदान हुने र दुवै निर्वाचन प्रणालीतर्फको मतपेटिका संकलन भएपछि मतगणना प्रारम्भ गरिने कार्यक्रम छ। समानुपातिक निर्वाचन प्रणालीका लागि मंसिर १५ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने र पुस १८ र १९ गते बन्दसूची पेस गर्ने कार्यक्रम छ।

कार्यतालिकामा निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय मंसिर १ गतेदेखि १० गतेसम्म रहेको र आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले मात्र निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न पाउने कानुनी व्यवस्था रहेको हुँदा निर्वाचनमा भाग लिन चाहनेले कात्तिक ३० अघि नै राजनीतिक दल दर्ताको प्रमाणपत्र लिइसक्नु पर्नेछ।

## सानोमाई खोलाको पक्की पुल भासियो

**पार्थ मण्डल** | *झापा*

सानोमाई खोलामा आएको बाढीले एक वर्षअघि मात्रै उद्घाटन गरिएको पक्की पुल भत्काई दिएको छ। असोज १९ गते कनकाई माई नदीमा आएको बाढीले हुलाकी राजमार्ग जोड्ने पक्की पुलबीच मै भासिदा तीनपांग्रे र चारपांग्रे सवारीसाधनको आवागमन ठप्प बनेको छ।

झापा बजारबाट सडक बजार हुँदै कञ्जीबारी जोड्ने हुलाकी राजमार्गमा रहेको पक्की पुल आइतबार राति ८ बजे भासिएकाले यातायात सेवा अवरुद्ध भएको झापाका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिए। आइतबार बिहान ६ बजेको समयमा कनकाई माई र सानो माईखोलामा भीषण बाढी आएको थियो।

सोही बाढीका कारण सानोमाई खोलाको पुल बीचमै भासिएको प्रजिअ अधिकारीले बताए। भासिएकै पक्की पुलबाट मोटरसाइकल, साइकल र पैदययात्रीले जोखिमपूर्ण यात्रा गर्दै आइरहेका छन्। पुल भासिएका कारण बाढी-पीडितको राहत वितरण कार्यक्रममा समेत समस्या उत्पन्न



भएको स्थानीयहरू बताएका छन्। स्थानीय जितबहादुर तामाङका अनुसार पुल भासिँदा ठूलो आवाज आएको थियो। दिनभरि बाढीको त्रासले बसेका यहाँका बासिन्दा भुइँचालो आयो जस्तो गरी जमिन हल्लिदा झन् भयभित बनेको तामाङले सुनाए।

'पछि थाहा भयो कि पुल भत्कियो, अनि राति नै स्थानीयहरू पुल हेर्न आइपुगेको थियो,' उनले भने। यो पुल बनेको तीन/चार वर्ष भयो। एक वर्षअघि मात्रै उद्घाटन गरिएको थियो। पुलको काम पनि पूरा भएको थिएन। रेलिङको काम बाँकी नै थियो। निर्माण भएको दुई चार वर्षमै पुल भत्किँदा यहाँका स्थानीयलाई झन् समस्या उत्पन्न भएको उनको भनाइ छ। तीनपांग्रे, चारपांग्रे सवारीसाधन ठप्प छ। ती सवारीसाधन अब वैकल्पिक बाटो प्रयोग गर्न बाध्य बनेको स्थानीय अर्जुन टुडुले बताए।

पुल भत्किँदा ठूलो आवाज आउँदा आसपासका स्थानीयहरू डराएका थिए। हुलाकी राजमार्गमा पर्ने कनकाई नदीको पुल नबनेर समस्या झेलिरहेका यहाँ स्थानीय अब सानोमाईको भासिएको पुल कहिले बन्ला भनेर फेरि चिन्तित देखिएका छन्।